भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

बयतबेलाई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १ :** शोक प्रस्ताव सम्वन्धमा ।
**प्रस्ताव नं. २ :** वायोग्यास जडान कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।
**प्रस्ताव नं. ३ :** मतदान केन्द्र पुनरावलोकन सम्वन्धमा ।
**प्रस्ताव नं. ४ :** विद्यालयमा शौचालय निर्माणको लागि रकम व्यवस्था सम्वन्धमा ।
**प्रस्ताव नं. ५ :** विविध

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाका गाउँसभा सदस्य एंव वडा नं. १ का वडा सदस्य श्री पुष्पा अधिकारीको २७ वर्षको अल्प आयुमा मिति २०७७/०९/२३ गते भएको असमायिक निधनप्रति गाउँपालिका परिवार अत्यन्त मर्माहित भएका छौं । उहाँको निधनले गाउँपालिकालाई अपुरणीय क्षति भएको छ र गाउँपालिकाको विकास र समाज रुपान्तरणमा उहाँले खेल्नु भएको भूमिकालाई गाउँपालिका सधै सम्झिरहने छ । मृतक स्वः पुष्पा अधिकारी प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना सहित शोकको यस दुखदः घडीमा शोकाकुल परिवार एंव साथीभाईहरुमा धैर्यधारण गर्ने शक्ती प्राप्त होस् भन्ने कामना गर्दै शोक प्रस्ताव पारित गरियो ।

**निर्णय नं. २ :**

यस गाउँपालिको आ.व. २०७७/०७८ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार नेपाल सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत वायोग्यास जडान कार्य वडा नं. ७ अन्तर्गत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउँपालिका अन्तर्गतका मतदान केन्द्रहरु पुनरावलोकनको लागि वडा कार्यालयको सिफारिस अनुसार आगामी बैठकमा पेश भए अनुसार पुनरावलोक गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस गाउँपालिकामा आ.व. २०७७/०७८ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार गाउँपालिका र ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको लागत साझेदारीमा निर्माण गरिने शौचालयको लागि बजेट नपुग हुने देखिएकोले गाउँपालिका परियोजना व्यवस्थापन समितिले आवश्यक बजेट व्यवस्थाको लागि यस कार्यपालिकालाई सिफारिस गर्न निर्देशन गर्ने निर्णय गरियो ।



Scanned with CamScanner